# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौडा, मकवानपुर, नेपाल

## बैठक - ४४

मितिः २०७७/०४/०५ गते बिहान १०:०० बजे

निर्णयहरुः

१. प्रदेश सभा नियमावली, २०७४ को नियम १५३ बमोजिम विषयगत समितिले आफ्नो कार्य समयमै सम्पन्न गर्नका लागि वार्षिक कार्यतालिका निर्माण गर्न सक्ने व्यवस्था अनुसार समितिका माननीय सभापतिले माननीय सदस्यहरुको आवश्यक राय/सल्लाह लिई अनुमानित बजेटसहित वार्षिक कार्यतालिका तयार गर्ने।

२. बागमती प्रदेशको आ.व. २०७६/७७ को विभिन्न शिर्षकबाट प्राप्त हुने राजस्वको अवस्था सम्बन्धमा आ.व. २०७६/७७ को अन्त्यसम्ममा प्रदेशले कुन-कुन शीर्षकबाट के कति राजस्व प्राप्त गरेको छ, सोको विस्तृत विवरण एक हप्ता भित्र उपलब्ध गराउन प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग माग गर्ने।

३. प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको म्याद मिति २०७७ साल साउन मसान्तसम्म थप गर्ने।

४. आ.व.२०७६/७७ को विनियोजिन शीर्षक अन्तर्गत प्रदेश सभाको विभिन्न शीर्षक तथा योजना/कार्यक्रमहरुको लागि विनियोजित बजेटका सम्बन्धमा छलफल गर्दा गत आ.व. को तुलनामा यस आ.व. को प्रदेशको बजेटको आकार बढेको छ यद्यपि प्रदेश सभाको बजेट भने न्यून रहेको देखिन्छ।प्रदेश सभा एवम् अन्तर्गतका विषयगत समितिहरुले विगतका वर्ष भन्दा यस वर्ष थप कामहरु गर्दै जानुपर्ने हुन्छ।समितिहरुले विधेयक

माथि विभिन्न निकाय वा सरोकारवालाहरुसँग विभिन्न स्थानमा छलफल तथा अन्तर्क्रिया, संवैधानिक निकायले पेश गर्ने प्रतिवेदन माथि छलफल तथा निर्णय, विभिन्न स्थानको अध्ययन, अनुसन्धान तथा अनुगमन भ्रमण, छानविन, अन्तरप्रदेश छलफल, विज्ञ परामर्श सेवा, समितिको बैठक सञ्चालन, सदस्यहरुको क्षमता अभिवृद्धि तालिम, प्रतिवेदन प्रकाशन लगायतका थुप्रै योजना तथा कार्यक्रममध्ये गत आ.व. को तुलनामा कतिपय योजना तथा कार्यक्रमहरुको शीर्षक नै कटौती गरिएको र विनियोजित बजेट एकदमै न्यून भएकोप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ।यस बजेटले समितिको कार्यतालिका बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न नसक्ने भएको हुँदा समितिको यस आ.व. को प्रस्तावित कार्यक्रम बमोजिमको बजेट आवश्यकता अनुसार प्रदेश सचिवालयमार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग माग गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयमार्फत आ.व. २०७६/७७ मा अनुदानबाट सञ्चालित कार्यक्रमहरुको विवरण एक हप्ता भित्र उपलब्ध गराउन माग गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आ.व. २०७६/७७ मा संशोधन गरिएका कार्यक्रम (पूरक र रकमान्तर) को विवरण एक हप्ता भित्र उपलब्ध गराउन माग गर्ने।